# नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं भाद्र १ गते २०१० साल

## भाग २

## अर्थमन्त्रालयको सूचना

हवाई--जहाजबाट जाने पेसेञ्जरहरूले प्लेनमा राखी लान लागेको निकाशी माल जाँची लगत गरी महसूल लिइसकेपछि वेडर ( हावापानी ) खराब भई वा अरू कारणले प्लेन नचली वा प्लेन चली गएमा पनि ठाउँमा नपुग्दै फर्की आएमा हवाई--कम्पनीबाट यो यति परिबन्दले प्लेन नचलेको र चली गएकोमा पनि यस्तो कारण परी ठाउँमा नपुग्दै फर्की आएको हो भन्ने सबै बेहोरा खुलाएर लिखत लिई त्यस्तो कलममा लिइसकेको महसूल हाकिम साक्षी जाँचकीहरूका सामुन्ने महसूलधनीहरूलाई बेहोरा जनाई फिर्ताखर्च लेखिदिनू। यस्तो कलम महिना महिनामा कति गएको छ, फाँट जाहेर गर्नु भन्ने सम्बन्धित भन्सारहरूलाई अह्रर भई गएको हुनाले यो सूचना प्रकाश गरिएको छ।

आज्ञाले—

हिमालयशमशेर,— सेक्रेटरी— अर्थमन्त्रालय.

गोरखापत्र छापाखानामा मुद्रित



ाधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि